च.नं.: मिति:

## १२ औं वृहत एकताको अन्तर्राष्ट्रिय महाधिवेशनमा हुने कार्यसमितिको पदाधिकारीहरुको परिमार्जित निर्वाचन कार्यक्रमको सूचना

गैरआवासीय नेपाली संघ ("संघ") को मिति २०८२/११/३० देखि मिति २०८२/१२/०२ सम्म (सन् २०२६ मार्च १४-१६) काठमाण्डौमा आयोजना हुने १२ औं बृहत एकताको अन्तर्राष्ट्रिय महाधिवेशनमा गैरआवासीय नेपाली संघको विधान २००३ (२०२२ को संशोधन समेत) ("विधान") को दफा १७ को उपदफा १७.२ बमोजिम २ (दुई) वर्ष कार्यकालको लागि अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरुबाट निर्वाचित हुने ७४ (चौहत्तर) जना पदाधिकारीहरुको मिति २०८२/११/३० देखि मिति २०८२/१२/०१ (सन् २०२६ मार्च १४ देखि मार्च १५) मा हुने निर्वाचन प्रयोजनको लागि मिति २०८२/११/१० (सन् २०२६ फेब्रुअरी २२) मा निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको थियो । उक्त सूचना अनुसार महाधिवेशन प्रतिनिधि (मतदाता) हरुको नामावली मिति २०८२/११/१२ (सन् २०२६ फेब्रुअरी २४), अपरान्ह ५:०० बजे सम्म प्रकाशन गरि सक्नु पर्नेमा प्राविधिक कठिनाईका कारण महाधिवेशन प्रतिनिधि (मतदाता) हरुको नामावली उपलव्ध गराउँन नसकिएको भनि संघको सचिवालयबाट मिति २०८२/११/१२ (सन् २०२६ फेब्रुअरी २४) मा पत्र प्राप्त भयो । त्यसपछि पनि निर्धारित समयमा उक्त मतदाता नामावली प्राप्त हुन नसकी संघको सचिवालयबाट मिति २०८२/११/१७ (सन् २०२६ मार्च १) को बेलुका उक्त मतदाता नामावली प्राप्त हुन आएकोले यस निर्वाचन समितिबाट मिति २०८२/११/१० (सन् २०२६ फेब्रुअरी २२) मा प्रकाशित निर्वाचन कार्यक्रमको कार्यतालिकालाई आंशिक परिमार्जन र हेरफेर गरी निर्वाचन समितिको आज मिति २०८२/११/१८ (सन् २०२६ मार्च २) को निर्णय बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो परिमार्जित निर्वाचन कार्यक्रमको कार्यतालिका सम्बन्धि सूचना प्रकाशन गरिएको छः

### निर्वाचित हुने पदाधिकारीहरु :

| पद | संख्या |
|---|---|
| (१) अध्यक्ष | १ |
| (२) उपाध्यक्ष | ६ |
| (३) महिला उपाध्यक्ष | १ |
| (४) युवा उपाध्यक्ष | १ |
| (५) महासचिव | १ |
| (६) उपमहासचिव | २ |
| (७) सचिव | ६ |

आईसीसी निर्वाचन समिति २०२५-२७



P.O.B 1189 Kathmandu, Nepal (977-1) 4511530/4526005 info@nrna.org www.nrna.org

| | |
|---|---|
| (८) महिला सचिव | १ |
| (९) कोषाध्यक्ष | १ |
| (१०) सहकोषाध्यक्ष | ३ |
| (११) महिला सहकोषाध्यक्ष | १ |
| (१२) महिला संयोजक | १ |
| (१३) युवा संयोजक | १ |
| (१४) क्षेत्रीय संयोजक | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| (१५) क्षेत्रीय उपसंयोजक | १७ (अफ्रिका क्षेत्र २ अन्य क्षेत्र ३ का दरले) |
| (१६) क्षेत्रीय महिला संयोजक | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| (१७) क्षेत्रीय महिला उपसंयोजक | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| (१८) क्षेत्रीय युवा संयोजक | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| (१९) क्षेत्रीय युवा उपसंयोजक | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| (२०) दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक | १ |
| जम्मा | ७४ |

**निर्वाचन कार्यक्रमको कार्यतालिका देहाय बमोजिम हुनेछ**

| क्र.सं. | कार्यक्रम | मिति | समय (नेपाली) | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | प्रारम्भिक मतदाता नामावली प्रकाशन | २०८२/११/१८ (सन् २०२६ मार्च २) | ५:०० (साँझ) | ९:०० (बेलुका) | गैरआवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय बालुवाटार, काठमाण्डौ/अनलाइन माध्यम |
| २ | मतदाता नामावली उपर दाबी बिरोध गर्ने | २०८२/११/१८-१९ (सन् २०२६ मार्च २-३) | १०:०० (बेलुका) | ६:०० (साँझ) | अनलाइन माध्यम electioncommissioner@nrna.org |
| ३ | मतदाता नामावली उपर परेको दावी बिरोध माथि छानबिन गर्ने | २०८२/११/१९-२० (सन् २०२६ मार्च ३-४) | ६:०० (साँझ) | १२:०० (अपराह्न) | गैरआवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय बालुवाटार, काठमाण्डौ |
| ४ | अन्तिम मतदाता नामाबली प्रकाशन गर्ने | २०८२/११/२० (सन् २०२६ मार्च ४) | २:०० (अपराह्न) | ५:०० (साँझ) | गैरआवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय बालुवाटार, काठमाण्डौ/अनलाइन माध्यम |
| ५ | मतदानमा भौतिक रुपमा उपस्थित हुन नसक्ने प्रतिनिधिहरुले जानकारी दिनु पर्ने | २०८२/११/२०-२५ (सन् २०२६ मार्च ४-९) | ६:०० (साँझ) | ६:०० (साँझ) | गैरआवासीय नेपाली संघको सचिवालय वा इमेल: membership@nrna.org |



आईसीसी निर्वाचन समिति
२०२५-२७

P.O.B 1189 Kathmandu, Nepal (977-1) 4511530/4526005 info@nrna.org www.nrna.org

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | | | | |
| | (क) भौतिक उपस्थिति र अनलाइन दुवै माध्यमबाट पेश गर्न | २०८२/११/२२-२६ (सन् २०२६ मार्च ६-१०) | ६:०० (बिहान) | ६:०० (साँझ) | अनलाइन माध्यम |
| | | २०८२/११/२२-२६ (सन् २०२६ मार्च ६-१०) | १:०० (अपराह्न) | ०६:०० (साँझ) | भौतिक उपस्थितिमा गैरआवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय बालुवाटार, काठमाण्डौ |
| | (ख) अनलाइन माध्यमबाट उम्मेदवारी पेश गर्नेको हकमा प्रस्तावक र समर्थक सहित सनाखतको लागि उम्मेदवार अनिवार्य उपस्थित हुनुपर्ने | २०८२/११/२२-२८ (सन् २०२६ मार्च ६-१२) | १:०० (अपराह्न) | ६:०० (साँझ) | गैरआवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय बालुवाटार, काठमाण्डौ |
| ७ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०८२/११/२७ (सन् २०२६ मार्च ११) | ६:०० (साँझ) | ८:०० (बेलुका) | गैरआवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय बालुवाटार, काठमाण्डौ/अनलाइन माध्यम |
| ८ | उम्मेदवारको उम्मेदवारी विरुद्ध दावी विरोध गर्ने | २०८२/११/२७-२८ (सन् २०२६ मार्च ११-१२) | ८:०० (बेलुका) | ४:०० (अपराह्न) | गैरआवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय बालुवाटार, काठमाण्डौ/अनलाइन माध्यम electioncommissioner@nrna.org |
| ९ | उम्मेदवारको मनोनयनपत्रको जाँचबुझ र उजुरी उपर निर्णय | २०८२/११/२८ (सन् २०२६ मार्च १२) | ४:०० (अपराह्न) | ६:०० (साँझ) | गैरआवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय बालुवाटार, काठमाण्डौ ।<br>उम्मेदवारको मनोनयनपत्रको जाँचबुझ र उजुरी उपरको निर्णय हुनु भन्दा अगावै मनोनयनपत्रमा सनाखत भै सकेको हुनुपर्नेछ । |
| १० | उम्मेदवारले आफ्नो मनोनयन फिर्ता लिने | २०८२/११/२८-२९ (सन् २०२६ मार्च १२-१३) | ६:०० (साँझ) | १:०० (अपराह्न) | गैरआवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय बालुवाटार, काठमाण्डौ |
| ११ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०८२/११/२९ (सन् २०२६ मार्च १३) | २:०० (अपराह्न) | ५:०० (साँझ) | गैरआवासीय नेपाली संघ, निर्वाचन समितिको कार्यालय बालुवाटार, काठमाण्डौ/अनलाइन माध्यम |
| १२ | अनलाइन माध्यमबाट निर्वाचन गराउने कम्पनीलाई उम्मेदवारको अन्तिम | २०८२/११/२९ (सन् २०२६ मार्च १३) | ६:०० (साँझ) | ७:०० (बेलुका) | अनलाइन माध्यम |



आईसीसी निर्वाचन समिति २०२५-२७

P.O.B 1189 Kathmandu, Nepal (977-1) 4511530/4526005 info@nrna.org www.nrna.org

| | | | | | |
|---|---|---|---|---|---|
| | नामावली उपलब्ध गराउने | | | | |
| १३ | नमुना (Demo) निर्वाचन गर्ने | २०८२/११/२९ (सन् २०२६ मार्च १३) | ८:०० (बेलुका) | १०:०० (बेलुका) | अनलाइन माध्यम |
| १४ | मतदान गर्ने | २०८२/११/३०-१२/०१ (सन् २०२६ मार्च १४-१५) | ६:०० (साँझ) | ६:०० (साँझ) | नेपाल बाहिर अनलाइन माध्यमबाट मतदान प्रयोजनका लागि |
| | | २०८२/१२/०१ (सन् २०२६ मार्च १५) | १०:०० (बिहान) | ६:०० (साँझ) | भौतिक उपस्थितिमा अनलाइन माध्यमबाट मतदान प्रयोजनको लागि नेपाल भित्र होटल "द सोल्टी ताहाचल, काठमाण्डौ |
| १५ | मतगणना गर्ने | मतदान समाप्त भए पछि | | | होटल "द सोल्टी ताहाचल, काठमाण्डौ" |
| १६ | निर्वाचन समितिबाट मतगणना पुनरावलोकन | मतगणना समाप्त भए पछि | | | होटल "द सोल्टी ताहाचल, काठमाण्डौ" |
| १७ | मतगणनाको परिणाम घोषणा गर्ने, शपथ ग्रहण र प्रमाणपत्र वितरण | मतगणना समाप्त भए पछि | | | होटल "द सोल्टी ताहाचल, काठमाण्डौ" |

**निर्वाचन सम्बन्धी अन्य जानकारी:**

(१) अनलाइन माध्यम प्रयोजनको लागि प्रयोग हुने इमेल: election@nrna.org

(२) मतदाता नामावली उपर दाबी बिरोध गर्ने र उम्मेदवारको उम्मेदवारी विरुद्ध दावी विरोध गर्ने इमेल: electioncommissioner@nrna.org

(३) मतदानमा भौतिक रुपमा उपस्थित हुन नसक्ने प्रतिनिधिहरुले जानकारी दिनलाई प्रयोग हुने इमेल: membership@nrna.org

(४) **"क्षेत्र"** भन्नाले निम्नानुसारका क्षेत्रलाई जनाउँनेछः
- (क) एशिया प्रशान्त क्षेत्र ।
- (ख) युरोप क्षेत्र ।
- (ग) मध्यपूर्व क्षेत्र ।
- (घ) उत्तरदक्षिण अमेरिका क्षेत्र ।
- (ङ) अफ्रिका क्षेत्र ।
- (च) ओसेनिया क्षेत्र ।

(५) देहायका मतदाता (महाधिवेशन प्रतिनिधि) हरु मतदानको लागि सहभागी हुन पाउनेछनः
- (क) राष्ट्रिय समन्वय परिषद् (एनसीसी) बाट पञ्जीकृत सदस्यता प्राप्त गरेको ।
- (ख) गैरआवासीय नेपालीको हैसियत कायम रहेको ।

आईसीसी निर्वाचन समिति २०२५-२७



P.O.B 1189 Kathmandu, Nepal (977-1) 4511530/4526005 info@nrna.org www.nrna.org

(ग) राष्ट्रिय समन्वय परिषद् (एनसीसी) बाट मतदान अधिकार सहित अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुनको लागि प्रतिनिधि चयन भएको ।

(घ) मतदान गर्न राष्ट्रिय समन्वय परिषद् (एनसीसी) बाट अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुनको लागि जारी गरेको दर्ता प्रमाणपत्र/परिचयपत्र वा अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) ले महाधिवेशनमा सहभागी हुन जारी गरेको परिचयपत्रको साथै सम्बन्धित देशमा बसोबास गरेको प्रमाणीत हुने कागजात जस्तैः राहदानी वा सम्बन्धित देशको चालक अनुमतीपत्र वा स्थायी बसोबास पत्र वा गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र वा गैरआवासीय नेपाली परिचयपत्र आवश्यक पर्नेछ ।

(ङ) गैरआवासीय नेपालीको हैसियत कायम रही, पञ्जीकृत सदस्यता नविकरण गरी नविकरण शुल्क बुझाएका बहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) का पदाधिकारी एवं सदस्यहरुलाई स्वतः मतदान अधिकार रहनेछ । मतदान गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) ले महाधिवेशनमा सहभागी हुन जारी गरेको परिचयपत्रको साथै सम्बन्धित देशमा बसोबास गरेको प्रमाणीत हुने कागजात जस्तैः राहदानी वा सम्बन्धित देशको चालक अनुमतीपत्र वा स्थायी बसोबास पत्र वा गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र वा गैरआवासीय नेपाली परिचयपत्र आवश्यक पर्नेछ ।

(च) राष्ट्रिय समन्वय परिषद् (एनसीसी) गठन नभएका मुलुकका प्रतिनिधिहरुले निर्वाचनमा सहभागी भै मतदान गर्न पाइने छैन ।

(छ) सम्बन्धित राष्ट्रिय समन्वय परिषद् (एनसीसी) ले महाधिवेशन/निर्वाचनमा भाग लिने प्रयोजनको लागि गैरआवासीय नेपाली संघले उपलब्ध गराएको NRNA Membership Registration System (**MRS**) प्रणाली अनुसार संघको सचिवालयमा उपलब्ध गराएको प्रतिनिधिहरुको नामावलीमा नाम समावेश भएको हुनुपर्नेछ | NRNA Membership Registration System (**MRS**) प्रणालीमा दर्ता भएका बाहेक अन्य किसिमले प्राप्त प्रतिनिधिको नामावली निर्वाचन प्रयोजनको लागि मान्य हुनेछैन ।

(ज) मतदाता नामावली उपर कुनै दावि विरोध परेमा संघमा अभिलेख भएको सूचनाको आधारमा छानविन प्रक्रिया अवलम्वन गरिनेछ ।

(झ) प्रतिनिधि छनौट सम्बन्धी विवाद न्यायिक आयोगको क्षेत्राधिकार भित्र पर्ने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

(ञ) मतदानमा सहभागी हुने अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिका सम्बन्धित मुलुकहरुले पञ्जीकृत सदस्य वापत सचिवालयमा बुझाँउनु पर्ने शुल्क अनिवार्य बुझाएको हुनु पर्नेछ । साथै महाधिवेशन प्रतिनिधिको हैसियतले बुझाउनुपर्ने शुल्क एवं अन्य बाँकी बक्यौता भए त्यस्तो शुल्क समेत बुझाएको हुनुपर्नेछ ।



आईसीसी निर्वाचन समिति
२०२५-२७

P.O.B 1189 Kathmandu, Nepal (977-1) 4511530/4526005 info@nrna.org www.nrna.org

(६) मतदान प्रयोजनको लागि नेपाल भित्र भौतिक उपस्थितिमा अनलाइन माध्यम र नेपाल बाहिर अनलाइन माध्यमको प्रयोग गरिनेछ ।

(७) मतदताले उपलब्ध गराएको इमेल र फोन नं. मा कुनै समस्या भएमा वा परिबर्तन भएमा मतदान हुनु भन्दा कम्तिमा ५ (पाँच) दिन अगावै सचिवालय वा निर्वाचन समितिलाई जानकारी गराउनु पर्नेछ, अन्यथा निर्वाचन समिति जवाफदेही हुने छैन ।

(८) मतदाताले उपलब्ध गराएको इमेलमा मतदान हुन भन्दा कम्तिमा २४ (चौविस) घण्टा अगाबै निर्वाचन समिति वा तोकिएको प्रणालीबाट मतदाता यकिन (Confirmation) प्रयोजनको लागि इमेल पठाइनेछ । उक्त इमेल प्राप्त नभएमा निर्वाचन समितिलाई तुरुन्त जानकारी गराउनु पर्नेछ ।

(९) उम्मेदवार बन्न चाहिने योग्यता देहाय बमोजिम हुनेछः

(क) अन्तिम मतदाता नामावलीमा उम्मेदवारको नाम समावेश भएको हुनुपर्नेछ ।

(ख) गैरआवासीय नेपाली संघको विधान, निर्वाचन नियमावली, निर्वाचन आचारसंहिता, निर्वाचन समितिले जारी गरेको आचारसंहिता एवं निर्वाचन समितिले समय समयमा जारी गर्ने सूचना पूर्ण रुपमा परिपालना गर्न एवं तोकिएको अनलाइन माध्यमबाट हुने मतदान एवं प्राप्त मत परिणाम स्वीकार गर्न मन्जुर गरी उम्मेदवारले लिखित प्रतिवद्धतापत्र मनोनयनपत्र साथ दाखिल गर्नु पर्नेछ ।

(ग) संघको विधानको दफा ५ को उपदफा ५.१ मा उल्लेख भए बमोजिम गैरआवासीय नेपालीको हैसियत कायम रहेको सम्बन्धमा सम्बन्धित राष्ट्रिय समन्वय परिषद् (एनसीसी) बाट सो देशमा २ (दुई) वर्ष भन्दा बढी बसोबास गरेको प्रमाणीत हुने कागजात अनिवार्य पेश गर्नु पर्नेछ ।

(घ) उम्मेदवारले कुनै पनि राजनैतिक दल वा राजनैतिक दलका भातृ सङ्गठनको पदाधिकारी नरहेको स्वघोषणा पत्र मनोनयन पत्र साथ पेश गर्नु पर्नेछ । उल्लिखित पद धारण गरेको भए सो पद त्याग गरेको आधिकारिक प्रमाण (राजिनामा स्वीकृती पत्र) उम्मेदवार मनोनयन पत्रका साथ पेश गर्नुपर्नेछ ।

(ङ) तोकिए बमोजिमको शुल्क एवं मनोनयन दस्तुर बुझाएको निस्सा मनोनयन पत्र साथ पेश गर्नुपर्नेछ ।

(च) कुनै पनि पदमा उम्मेदवार बन्नको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) वा राष्ट्रिय समन्वय परिषद् (एनसीसी) बाट महाधिवेशन प्रतिनिधि छानिएको हुनु पर्नेछ ।

(छ) वर्तमान कार्यकालका लागि गठन भएका राष्ट्रिय समन्वय परिषद् (एनसीसी) वा तदर्थ समितिका पदाधिकारी र सदस्यहरु अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) को पदाधिकारी पदमा उम्मेदवारी दिन योग्य हुने छैनन् । साथै राष्ट्रिय समन्वय परिषद्



आईसीसी निर्वाचन समिति
२०२५-२७

(एनसीसी) गठन नभएका मुलुकका व्यक्तिहरु कुनै पनि पदमा उम्मेदवार हुन योग्य मानिनेछैन ।

(ज) अन्तर्राष्ट्रिय महाधिवेशन अघि सम्पन्न राष्ट्रिय समन्वय परिषद् (एनसीसी) को निर्वाचनमा कुनै पनि पदमा पराजित वा विजयी उम्मेदवार यो निर्वाचन प्रयोजनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) को कार्यकारी पदमा उम्मेदवार बन्न योग्य हुने छैन ।

(झ) संघको अध्यक्ष वा पदाधिकारी सोही पदमा लगातार २ (दुई) पदावधि भन्दा बढी निर्वाचित हुन योग्य मानिने छैन ।

(ञ) निर्वाचन समितिका सदस्यहरु उम्मेदवार हुने योग्य हुने छैनन् ।

(ट) वर्तमान १२ औं बृहत एकताको अन्तर्राष्ट्रिय महाधिवेशनका लागि बनेको Steering Committee का संयोजक र सदस्यहरु उम्मेदवार हुने योग्य हुने छैनन् ।

(ठ) अध्यक्ष पदको उम्मेदवारको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल (कम्तिमा एक वर्ष काम गरेको) पूरा गरेको हुनुपर्नेछ ।

(ड) अध्यक्ष बाहेक अन्य पदाधिकारीको हकमा अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद् (एनसीसी) को पदाधिकारी पदमा एक कार्यकाल (कम्तिमा एक वर्ष काम गरेको) पूरा गरेको हुनु पर्नेछ ।

(ढ) क्षेत्रीय संयोजकको हकमा एउटै देशबाट लगातार २ (दुई) पटक भन्दा बढी निर्वाचित हुन अयोग्य मानिने हुँदा त्यस्तो उम्मेदवारको उम्मेदवारी स्वीकार गरिनेछैन । तर अन्य देशबाट उम्मेदवारी नपरेमा यो प्रावधान लागू हुने छैन ।

(ण) क्षेत्रीय महिला र युवा संयोजक तथा उपसंयोजकको उम्मेदवारको हकमा अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद् (एनसीसी) को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल (कम्तिमा एक वर्ष काम गरेको) पूरा गरेको वा कम्तिमा १ (एक) पटक अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि भएको हुनु पर्नेछ ।

(त) युवा उपाध्यक्ष, युवा संयोजक, क्षेत्रीय युवा संयोजक, क्षेत्रीय युवा उपसंयोजकको उम्मेदवार अन्तर्राष्ट्रिय महाधिवेशन शुरु भएको दिन सम्म ४० (चालिस) वर्ष उमेर नकाटेको हुनुपर्नेछ । उमेर ४० (चालिस) वर्ष नकाटेको पुष्टि हुने आधिकारिक कागजात मनोनयन पत्र साथ पेश गर्नुपर्नेछ ।

(थ) दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजकको हकमा निज विदेशमा माध्यामिक विद्यालय तहसम्म अध्ययन गरेको र अन्तर्राष्ट्रिय महाधिवेशन शुरु भएको दिनसम्म ३० (तीस) वर्ष

आईसीसी निर्वाचन समिति
२०२५-२७



P.O.B 1189 Kathmandu, Nepal (977-1) 4511530/4526005 info@nrna.org www.nrna.org

नकाटेको हुनुपर्नेछ । उमेर ३० (तीस) वर्ष नकाटेको पुष्टि हुने आधिकारिक कागजात मनोनयन पत्र साथ पेश गर्नुपर्नेछ ।

(द) उम्मेदवारी पेश अनलाइन माध्यम एवं नेपाल स्थित संघको सचिवालयमा रहेको निर्वाचन समितिको कार्यालयमा भौतिक रुपमा उपस्थित भएर दर्ता गर्न सकिनेछ । तर अनलाइन माध्यमबाट उम्मेदवारी पेश गर्नेको हकमा तोकिएको मिति र समयमा निर्वाचन समितिको कार्यालयमा अनिवार्य उपस्थित भै सनाखत गर्नु पर्नेछ ।

(ध) प्रत्येक उम्मेदवारको २ (दुई) जना प्रस्तावक र २ (दुई) जना समर्थक समेत भौतिक रुपमा निर्वाचन समितिको कार्यालयमा अनिवार्य उपस्थित हुनुपर्नेछ। कुनै पनि प्रस्तावक र समर्थक १ (एक) भन्दा बढी उम्मेदवारको प्रस्तावक र समर्थक बस्न पाइने छैन । प्रस्तावक र समर्थक अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) को निर्वाचनमा मतदान गर्न योग्य प्रतिनिधि हुनु पर्नेछ ।

(न) उम्मेदवारको मनोनयनपत्रको जाँचबुझ र उजुरी उपरको निर्णय हुनु भन्दा अगावै मनोनयनपत्रमा सनाखत भै सकेको हुनुपर्नेछ ।

(प) क्षेत्रीय उम्मेदवारको प्रस्तावक र समर्थक महाधिवेशन प्रतिनिधि (मतदाता) जुनसुकै पनि रहन सक्ने छन् ।

(फ) उम्मेदवारको योग्यता सम्बन्धी अन्य व्यवस्था संघको विधान र गैरआवासीय नेपाली संघ निर्वाचन सम्बन्धी नियमावली, २०२१ (२०२३ को संशोधन समेत) बमोजिम हुनेछ ।

(ब) उम्मेदवारले योग्यता पुगेको कागजातहरु आफ्नो उम्मेदवारी मनोनयन पत्र साथ पेश गर्नु पर्नेछ ।

(१०) उम्मेदवारी मनोनयन पत्र दर्ता दस्तुर (नेपाली रुपैयाँ) देहाय बमोजिम हुनेछ :

| | | | |
|---|---|---|---|
| (क) | अध्यक्ष | - | रु. ५,००,०००/- |
| (ख) | उपाध्यक्ष | - | रु. ३,५०,०००/- |
| (ग) | महिला उपाध्यक्ष | - | रु. १,७५,०००/- |
| (घ) | युवा उपाध्यक्ष | - | रु. १,७५,०००/- |
| (ङ) | महासचिव | - | रु. ३,००,०००/- |
| (च) | उपमहासचिव | - | रु. २,७५,०००/- |
| (छ) | सचिव | - | रु. २,५०,०००/- |
| (ज) | महिला सचिव | - | रु. १,२५,०००/- |
| (झ) | कोषाध्यक्ष | - | रु. २,५०,०००/- |
| (ञ) | सहकोषाध्यक्ष | - | रु. २,००,०००/- |

आईसीसी निर्वाचन समिति
२०२५-२७



P.O.B 1189 Kathmandu, Nepal (977-1) 4511530/4526005 info@nrna.org www.nrna.org

(ट) महिला सहकोषाध्यक्ष - रु. १,००,०००/-

(ठ) महिला संयोजक - रु. ८७,५००/-

(ड) युवा संयोजक - रु. ८७,५००/-

(ढ) क्षेत्रीय संयोजक - रु. १,७५,०००/-

(ण) क्षेत्रीय उपसंयोजक - रु. १,२५,०००/-

(त) क्षेत्रीय महिला संयोजक - रु. ६२,५००/-

(थ) क्षेत्रीय महिला उपसंयोजक - रु. ५०,०००/-

(द) क्षेत्रीय युवा संयोजक - रु. ६२,५००/-

(ध) क्षेत्रीय युवा उपसंयोजक - रु. ५०,०००/-

(न) दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक - रु. ५०,०००/-

(११) उम्मेदवारी फिर्ता लिएको अवस्थामा गैरआवासीय नेपाली संघ निर्वाचन नियमावली २०२१ (२०२३ को संशोधन समेत) को नियम ८(४) बमोजिम मनोनयन दस्तुर फिर्ता हुनेछैन ।

(१२) विधानको दफा १७ को उपदफा १७.२ का प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट अनुसूची – ७ बमोजिम निर्वाचित आइसीसी सदस्यहरु र विधानको दफा २२ को उपदफा २२.१४.१ बमोजिम मनोनित सदस्यहरुले तोकेको सदस्यता शुल्क (१,००,०००/- रुपैयाँ) शपथ ग्रहण भन्दा पहिले बुझाएको हुनु पर्नेछ ।

(१३) उम्मेदवारले मनोनयन दस्तुर र आइसीसी सदस्यता शुल्क नगद संघको सचिवालयमा रहेको लेखा विभागमा दाखिल गरेको वा देहायको बैंक खाता जम्मा गर्नु पर्नेछ । तर नगद बुझाउँनेको हकमा संघको सचिवालयमा रहेको लेखा विभागमा दाखिल गरेको निस्सा वा मनोनयन दस्तुर/आइसीसी सदस्यता शुल्क बैंक खातामा जम्मा गरेको हकमा सोको निस्सा समेत निर्वाचन समितिमा पेश गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| Account Name | : | NON-RESIDENT NEPALI ASSOCIATION (NRNA) |
| Account Number | : | 02101030011866 |
| Bank Name | : | Nepal Investment Mega Bank Ltd. |
| Branch | : | Gongabu Branch |
| Swift Code | : | NIBLNPKT |

(१४) निर्वाचन कार्यक्रम तालिकामा तोकिएको दिन (समय) सार्बजनिक बिदा परेमा पनि तोकिएको निर्वाचन कार्य स्थगित हुने छैन ।

(१५) कुनै उम्मेदवारको नामावली उपर कसैको दाबी बिरोध परेमा सम्बन्धित उम्मेदवारलाई निजले उपलब्ध गराएको मोबाइल नं./इमेल मार्फत सो सम्बन्धमा जानकारी गराइनेछ । उक्त सूचना



आईसीसी निर्वाचन समिति
२०२५-२७

सम्प्रेषण भएको ३ (तीन) घण्टा भित्र निर्वाचन समिति समक्ष उपस्थित भई वा इमेल मार्फत आफ्नो व्यहोरा लिखित रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

(१६) मतदाताको पहिचान इमेल र फेसियल भेरिफिकेशन मार्फत गरिने भएकोले आफ्नो इमेल र सेल्फी फोटो NRNA Membership Registration System (MRS) प्रणालीमा दर्ता गराउनु हुन सूचित गरिन्छ ।

(१७) मतदान पूर्व अभ्यास (Demo Voting) मतदान प्रक्रियामा आधिकारिक उम्मेदवारलाई मात्र समावेश गरिनेछ । पूर्व अभ्यास (Demo Voting) मतदानको मतपरिणाम प्रकाशित गरिने छैन ।

(१८) निर्वाचनमा भाग लिने उम्मेदवारहरुको नामावली अंग्रेजी अक्षरका वर्णानुक्रम (A to Z) अनुसार हुनेछ ।

(१९) निर्वाचन कार्यक्रम प्रयोजनको लागि संघको विधान; गैरआवासीय नेपाली संघ निर्वाचन नियमावली २०२१ (२०२३ को संशोधन समेत); गैरआवासीय नेपाली संघ निर्वाचन आचार संहिता, २०२१ (२०२३ को संशोधन समेत); गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि व्यवस्थापन सम्बन्धी नियमावली, २०२३ एवं निर्वाचन समितिले समय समयमा प्रवाह गर्ने सूचना यो निर्वाचन कार्यक्रम तालिकाको अभिन्न अङ्ग हुनेछ । सो सम्बन्धमा उम्मेदवार एवं मतदाताले संघको सचिवालय/वेभसाइट https://nrna.org/ मार्फत जानकारी लिन हुन अनुरोध छ ।

(२०) यो सूचनामा उल्लेखित कुनै व्यहोरा संघको विधान एवं निर्वाचन नियमावली प्रतिकूल देखिएमा संघको विधान एवं निर्वाचन नियमावली बमोजिम हुनेछ र निर्वाचन सम्बन्धी कुनै विवाद परेमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

(२१) निर्वाचन कार्यक्रममा कारणवस कुनै फेरवदल, हेरफेर वा परिमार्जन गर्नुपर्ने भएमा अर्को सूचना प्रकाशित गरी जानकारी गराइने व्यहोरा अनुरोध छ ।

..............................................

तेज बहादुर कार्की
(निर्वाचन आयुक्त)
पूर्व न्यायाधीश, श्री उच्च अदालत

आईसीसी निर्वाचन समिति
२०२५-२७

मितिः २०८२/११/१८ (सन् २०२६ मार्च २)
साझ ८:०० बजे ।




P.O.B 1189 Kathmandu, Nepal (977-1) 4511530/4526005 info@nrna.org www.nrna.org